

दाङ २
RBB
रवि
विपिन
बालेन
फाल्गुन २१, घण्टी बज्ने दिन
संसदमा रवि, बालेन र विपिन

# विपिन अनि राजनिति

**२०४३।११।२९ (जन्म – दाङ)**

शिक्षा:
अन्नपूर्ण (कक्षा १-५)
दीपशिखा (कक्षा ६-१०)
बायोटेक इन्जिनियरिङ, पुणे
एम. बि. ए – काठमाडौं विश्वविद्यालय

**२०७९ असार ७ – राष्ट्रिय स्वतन्त्र पार्टीको स्थापना**

संस्थापक
पार्टीको नाम, चुनाव चिन्ह र रङ छनोटको जिम्मेवारी
पार्टीको पहिलो वाचापत्र लेखन
अभियान विभाग प्रमुखको जिम्मेवारी

**२०८०।०८।१४**

केन्द्रीय सहमहामन्त्री

**२०८२।०१।०१**

प्रशिक्षण विभाग प्रमुख

**२०८२।०९।१४**

पार्टीको उम्मेदवार छनोट विधिबाट सबैभन्दा अब्बल हुँदै
समानुपातिक बन्दसूचीमा पहिलो नम्बरमा नाम सूचीकृत

**२०८२।१०।०६**

जन्मेकै ठाउँलाई समृद्ध बनाउने अठोटसहित समानुपातिक सूचीबाट
नाम फिर्ता लिई दाङ-२ बाट प्रत्यक्ष उम्मेदवारी दर्ता

दाङ २

# विपिनका राजनीतिक मानक

१. दान होइन, अधिकार (गरिमाको मानक)

२. व्यक्ति होइन, विधि (न्यायको मानक)

३. मिति र मापन सहितको वाचा (प्रमाणको मानक)

४. सीधा पहुच, बिचौलिया निषेध (शून्य सहनशीलताको मानक)

५. सहभागितामूलक निर्णय प्रक्रिया (नागरिक सर्वोच्चताको मानक)

६. विशेषाधिकारको अन्त्य (विधिको शासनको मानक)

# सांसदको काम कर्तव्य र अधिकार

१. नीति तथा कानून निर्माण (Legislative Functions)

२. सरकारको गठन र निगरानी (Executive Oversight)

३. बजेट र वित्तीय नियन्त्रण (Financial Control)

४. जनप्रतिनिधित्व र जनचासोका विषय (Representation)

५. निर्वाचन क्षेत्रको विकास (Constituency Development)

६. निर्वाचन क्षेत्रको विकासको सहजीकरण (Constituency Development Facilitation )



# विपिन र विधेयक

## स्थानीय पूर्वाधार विनियोजन (न्यायिकता तथा पारदर्शिता) विधेयक

राजनीतिक पहुँचको भरमा होइन, "पूर्वाधार आवश्यकता सूचकांक" (Infrastructure Need Index) को गणितीय अंकभारका आधारमा बजेट विनियोजन गरी हरेक योजनाको छनोट र खर्चलाई सार्वजनिक डिजिटल ड्यासबोर्डमा पारदर्शी बनाउने

## 'टाइम-कार्ड' विधेयक

सरकारी सेवा तोकिएको समयमै पाउने सुनिश्चितता र ढिलासुस्ती गर्ने कर्मचारीमाथि निगरानी।

## 'राइट टु रिकल' विधेयक

काम नगर्ने निर्वाचित प्रतिनिधिलाई अवधि नसकिँदै फिर्ता बोलाउन पाउने वैधानिक बाटो।

## जन आवाज विधेयक

नागरिकका मागमा संसद वा सरकारले तोकिएको समयभित्र लिखित जवाफ दिनैपर्ने।

## आपतकालीन न्याय (इमर्जेन्सी अदालत) विधेयक

बन्दी प्रत्यक्षीकरण, घरेलु हिंसा र ज्यानको सुरक्षा जस्ता मुद्दालाई "इमर्जेन्सी" श्रेणीमा राख्ने। भर्चुअल माध्यमबाट तत्काल अन्तरिम आदेश जारी गर्न सकिने व्यवस्था।

## बदनियत अभियोजन विधेयक

निर्दोष व्यक्ति थुनामा पर्दा राज्यले क्षतिपूर्ति दिने र गलत अभियोजन गर्नेलाई जवाफदेही बनाउने।

## उद्योग-समाज-वातावरण सन्तुलन तथा उत्तरदायित्व विधेयक:

उद्योग स्थापना गर्दा बस्ती र वातावरणमा पर्ने प्रभावको अनिवार्य मापन, बफर-जोन निर्धारण र आधुनिक प्रदूषण नियन्त्रण प्रविधिको प्रयोगलाई बाध्यकारी बनाउने।

## AI प्रयोग विधेयक

शिक्षा, स्वास्थ्य र प्रशासनमा उत्पादकत्व बढाउन आर्टिफिसियल इन्टेलिजेन्सको जिम्मेवार प्रयोग।

# कृषिका लागि विपिन

## कृषिका लागि पञ्चशील रणनीति:

### क) "इनपुट ग्यारेन्टी" मिशन: आपूर्ति श्रृंखलाको पूर्ण सुधार

Fertilizer Security Calendar: बाली लगाउने समयभन्दा ६० दिन अगाडि स्थानीय तहका वडा-वडामा मल मौज्दात हुनैपर्ने कानुनी व्यवस्था।

Digital Supply Chain: मल कारखानादेखि किसानको हातसम्म पुग्दा QR Code बाट ट्र्याकिङ

Seed Autonomy: उन्नत र स्थानीय बीउको अनुसन्धानमा लगानी वृद्धि गरी बीउमा परनिर्भरता घटाउने।

### ख) "Water-as-a-Service": सिँचाइको लोकतान्त्रिकीकरण

Smart Irrigation: ठूला आयोजनाको पर्खाइ होइन, साना र मझौला किसानका लागि "लिफ्ट", "डिप बोरिङ" र " थोपा सिँचाइ" (Drip Irrigation) लाई अनिवार्य पूर्वाधार बनाइने।

Outcome-Based Budgeting: सिँचाइ उपभोक्ता समितिलाई केवल बजेट होइन, "पानीको उपलब्धता" को आधारमा कार्यसम्पादन अनुदान दिइने।

### ग) "Farm-to-Plate" भ्यालु चेन र बजार हस्तक्षेप

Commodity Specific Hubs: प्रदेशगत विशेषताका आधारमा ७ वटा "मेगा उत्पादन जोन" (जस्तै: कोशीमा चिया/अलैंची, मधेशमा खाद्यान्न, कर्णालीमा ओखर/स्याउ, लुम्बिनीमा कफी, एभोकाडो) विकास।

Custom Hiring Centers (CHCs): ट्र्याक्टर, हार्वेस्टर जस्ता महँगा मेसिन किन्नु पर्दैन, सरकारले सहुलियत दरमा भाडामा उपलब्ध गराउने।

Quality Standardization: कृषि उपजको "ग्रेडिङ" र "ब्रान्डिङ" अनिवार्य गरी अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार।

### घ) मूल्य र भुक्तानीको सुरक्षा (Price & Payment Guarantee)

Minimum Support Price (MSP): बाली लगाउनुअघि नै न्यूनतम समर्थन मूल्य तोकिने र सरकारले अनिवार्य खरिद गर्ने सुनिश्चितता।

Digital Payment System: किसानको उत्पादन तौलनासाथ "इलेक्ट्रोनिक रिसिप्ट" र बैंक खातामा ४८ घण्टाभित्र भुक्तानीको ग्यारेन्टी।

Warehouse Receipt Financing: उत्पादन भण्डारण गरेर सोही रसिदको आधारमा सस्तो ब्याजमा ऋण पाउने व्यवस्था।

### ङ) "Gov 2.0)": डिजिटल कृषि प्रशासन

Agri-Service Corps: हरेक वडामा "एक प्राविधिक, एक बजार दूत" को व्यवस्था। प्राविधिकको मूल्यांकन उसको क्षेत्रको उत्पादन वृद्धिको आधारमा हुने।

National Agri-Dashboard: मलको मौज्दात, बजार भाउ, मौसमको जानकारी र आयोजनाको प्रगति आम जनताले मोबाइलबाटै हेर्न मिल्ने गरी सार्वजनिक।

Instant Crop Insurance: स्याटेलाइट र इन्डेक्स-आधारित बीमा, जहाँ क्षति हुनेबित्तिकै झन्झटिलो कागजात बिना भुक्तानी प्रक्रिया सुरु ।

# दाङका लागि विपिन

## जनस्वास्थ्य र "Polluter's Pay" को ग्यारेन्टी:

सिमेन्ट उद्योगमा अनिवार्य  अत्याधुनिक डस्ट फिल्टर जडान र प्रदूषणबाट हुने क्षतिको भरपाई उद्योगले नै बेहोर्ने "Polluters Pay"सिद्धान्त कडाइका साथ लागू गर्न पहल गरिनेछ।

## टिपर-मुक्त बस्ती र औद्योगिक सडक:

मुख्य बजार र मानव बस्तीका सडकलाई टिपर आतङ्कबाट मुक्त गर्न खानी क्षेत्रका लागि  "डेडिकेटेड औद्योगिक सडक" निर्माणका लागि पहल गरिनेछ।

## टरिगाउँ विमानस्थलको प्राविधिक विस्तार:

तुलसीपुरको टरिगाउँ विमानस्थलको धावनमार्गलाई विस्तार गरी ७२ सिटे जहाज र रात्रिकालीन उडान सुनिश्चित गर्न केन्द्र र प्रदेश सरकारसँग सशक्त पहल गरिनेछ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विशेषज्ञ उपचार:

प्रतिष्ठानलाई सुविधासम्पन्न शिक्षण अस्पतालको रूपमा विकास गरी जटिल उपचारका लागि बाहिर जानुपर्ने बाध्यता अन्त्य गर्न पहल गरिनेछ।

## संस्कृत विश्वविद्यालय र प्राज्ञिक सुधार:

नेपाल संस्कृत विश्वविद्यालयको अतिक्रमित जग्गा संरक्षण र यसलाई "पूर्वीय दर्शन तथा आयुर्वेद अनुसन्धान केन्द्र" बनाउन विशेष पहल गरिनेछ।

## घोराही-तुलसीपुर "स्मार्ट जुम्ल्याहा सहर":

घोराही र तुलसीपुरलाई व्यवस्थित ढल निकास, खुल्ला पार्क, दुई सहर जोड्ने सुरक्षित सडक र डिजिटल सेवा सहितको आधुनिक "Twin City" बनाउन एकीकृत गुरुयोजनाका लागि पहल गरिनेछ।

## धार्मिक तथा पर्यटन सर्किटको ब्रान्डिङ:

धारापानी, उत्तरबाहीनी, सिद्ध रत्ननाथ मठ  र स्वर्गद्वारीलाई जोड्ने आध्यात्मिक मार्ग र बंगलाचुलीलाई हिल स्टेसनका रूपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न पहल गरिनेछ।

## मगर र थारु संस्कृति संरक्षण:

दाङको मौलिक पहिचान बोकेका मगर र थारु समुदायको कला, संस्कृति र खानपानलाई पर्यटनसँग जोडेर "सांस्कृतिक भिलेज" हरूको प्रवर्द्धन गरिनेछ।

## वैज्ञानिक भू-सुधार तथा व्यवस्थित बसोबास :

अत्याधुनिक डिजिटल प्रविधि (GIS-Biometric) बाट वास्तविक भूमिहीनको पहिचान गरी, जग्गाधनी र मोही बीचको द्वैध स्वामित्वलाई न्यायोचित बाँडफाँडमार्फत सदाका लागि अन्त्य गर्दै, एकीकृत नमुना बस्ती र "ल्याण्ड बैंक" (Land Bank) को अवधारणाबाट भूमिहीनलाई लालपुर्जासँगै रोजगारी र आत्मसम्मान सुनिश्चित गरिनेछ।

## दुर्व्यसनमुक्त र सिर्जनशील समाजको संकल्प

लागू पदार्थको अवैध कारोबार नियन्त्रणमा शून्य सहनशीलता अपनाउँदै, दुर्व्यसनमा फसेका युवाहरूको उपचारका लागि सरकारी स्तरको अत्याधुनिक "पुन:स्थापना तथा सीप विकास केन्द्र" स्थापना गरी उनीहरूलाई रोजगारी र उत्पादनको मूल प्रवाहमा फर्काउने पहल गर्नेछु।

# सुशासन र समृद्धि

## १. निर्वाचन प्रणालीमा सुधार

- अनुपस्थित मतदान पद्धति: देश वा विदेशमा रहेका नागरिकले हाल बसोबास गरिरहेकै स्थानबाट आफ्नो स्थायी क्षेत्रका लागि मतदान गर्न पाउने व्यवस्थाको पहल
- नि:शुल्क "सटल बस" सेवा: ज्येष्ठ नागरिक, सुत्केरी र अपाङ्गता भएका व्यक्तिहरूलाई घरदेखि मतदान केन्द्रसम्म पुर्याउन नि:शुल्क यातायातको प्रबन्ध

## २. सेवा प्रवाहमा सरलीकरण

- नि:शुल्क कागजात व्यवस्थापन: सरकारी कामकाजका लागि आवश्यक फारम र कागजातहरू सम्बन्धित कार्यालयबाटै नि:शुल्क भरिदिने व्यवस्था
- एक नागरिक, एक डिजिटल वालेट: नागरिक एप र राष्ट्रिय परिचयपत्रलाई पूर्ण रूपमा एकीकृत गरी भौतिक कागजात बिना नै बैंक खाता, व्यवसाय दर्ता र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रणाली लागू

## ३. पूर्वाधार र कर न्याय

- पूर्वाधार मानक र अडिट: नगरपालिकाका लागि न्यूनतम पूर्वाधार (सडक, ढल, खानेपानी) को मानक तय गरी वार्षिक रूपमा स्वतन्त्र "पूर्वाधार अडिट"
- न्यायोचित कर समायोजन: न्यूनतम पूर्वाधार नपुगेका क्षेत्रमा पूर्वाधार नबनुन्जेलसम्म गाउँपालिका सरह वा विशेष छुटसहितको कर मात्र लिने व्यवस्था

## ४. शिक्षामा गुणस्तर र आधुनिकता

- शिक्षक मेन्टरिङ र डिजिटल बैंक: उत्कृष्ट शिक्षकलाई "मेन्टर" तोकी तालिम दिने र पाठ्यक्रममा आधारित भिडियो तथा एनिमेशनसहितको "डिजिटल सामग्री बैंक" निर्माण
- संस्कार र प्रविधिको फ्युजन: विद्यालय तहदेखि नै "नैतिक शिक्षा" र "आर्टिफिसियल इन्टेलिजेन्स (AI)" लाई अनिवार्य विषयका रूपमा लागू

## ५. स्वास्थ्य सेवामा ग्यारेन्टी

- आकस्मिक उपचार (EMTALA): पैसा वा प्रक्रियाका कारण उपचार नरोकिने सुनिश्चित गर्न "आकस्मिक मेडिकल उपचार तथा प्रसव ऐन" लागू गरी अस्पतालमा तुरुन्त जीवन रक्षाको ग्यारेन्टी
- एकीकृत एम्बुलेन्स सेवा: हवाई र सडक एम्बुलेन्सलाई एउटै छातामुनि ल्याई "डिजिटल ट्र्याकिङ" र "प्यारामेडिक" सहितको राष्ट्रिय सेवा सञ्चालन
- मानसिक स्वास्थ्यको अधिकार: मानसिक स्वास्थ्यलाई अस्पतालमा मात्र सीमित नगरी जैविक, मनोवैज्ञानिक र सामाजिक सुरक्षाको एकीकृत अधिकारका रूपमा स्थापित

## ६. वातावरण र यातायात क्रान्ति

- विद्युतीय यातायात: विद्युतीय सवारीमा शून्य कर, पुराना गाडीलाई विद्युतीयमा बदल्न १००% सहुलियत कर्जा र आगामी १० वर्षभित्र पेट्रोलियम गाडीको बिक्रीमा पूर्ण प्रतिबन्ध

विपिनलाई टिकटकमा फलो गर्न

विपिनलाई फेसबुकमा फलो गर्न

विपिनको वेबसाइट हेर्न

विपिनको वाचापत्रको भिडियो हेर्न

# देशलाई उपहार
# दुईतिहाईको रास्वपा सरकार